# मकालु गाउँपालिका
## MAKALU RURAL MUNICIPALITY
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of Rural Municipal Executive
स्था: २०७३ (Estd: 2073)

नुम, सङ्खुवासभा
Num, Sankhuwasabha
कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal


पत्र संख्या: २०८१/०८२
Ref. No.: 2081/082
चलानी नं: 1100
Dispatch No.:

मकालु गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय नुम, सङ्खुवासभा कोशी प्रदेश नेपाल

मिति: २०८१/१०/३०

बिषय: रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना ।

श्री यो जो जससँग सम्वन्धित छ ।

संखुवासभा जिल्ला मकालु गाउँपालिका अन्तर्गत श्री शोभा आधारभूत विद्यालय मकालु गा.पा.वडा नं.३, सिम्मामा रिक्त रहेको आधारभूत तह (१-५) को शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडि बढाइ दिन भनी विद्यालयको च.नं.९५ मिति २०८१/१०/२९ गतेको पत्रबाट अनुरोध भई आएकोले सम्वन्धित तह र विषयका योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा सम्वन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवा सम्बन्धी निर्देशिका २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

पुनश्चः

१.तोकिएको म्याद भित्र विद्यालयको इमेल ठेगाना simma123@gmail.com or gurunggyan032@gmil.com समेत निवेदन पेश गर्न सकिनेछ ।

२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारवाही हुने छैन ।

२०८१/१०/३०

इन्द्र बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः

श्री शिक्षा विकास तथा समन्वय इकाइ खाँदवारी, संखुवासभा ।

श्री शोभा आधारभूत विद्यालय मकालु गा.पा.वडा नं.३, सिम्मा ।

श्री सूचना प्रविधि शाखाःमकालु गाउँपालिका webside मा अपलोड गरिदिनु हुन ।